स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



अभिनयमा प्रमाणित अभिनेत्री सुरक्षा पन्तले फिचर फिल्म, सर्ट फिल्म र म्यूजिक भिडियो हुँदै अब ओटीटी वेब सिरिजमा डेब्यू गर्ने भएकी छन् । उनले मुख्य भूमिकामा अभिनय गर्न लागेको सिरिज 'खेल' बलिउडका दर्जनौं फिल्ममा सह-निर्देशकको रुपमा अनुभव बटुलिसकेका अनुराग प्रधानले सिरिजको निर्देशन गर्नेछन् । यो सिरिजमा सुरक्षासँगै भोला सापकोटा, सरिता गिरी, मोनिका थापा, समापिका गौतम, हेना नगरकोटी, यम प्रसाद ओली आदिको पनि अभिनय रहनेछ ।

**आजको विचार...**



मेघनाथ दाहाल

स्थानीय..
(दुई पेजमा)



पुस १२ गतेदेखि मञ्चन हुन लागेको नाटक 'पगला घोडा'को टिजर सार्वजनिक भएको छ । नाटकको यो संक्षिप्त भिडियोले मलिका महतसहितका कलाकारको पात्र र मनोदशा चित्रण गर्छ । टिजरमा अशान्त शर्मा, प्रमोद अग्रहरि, विजय ताम्राकार, विम्ब अधिकारीको पनि क्यारेक्टर नाम र हुलिया प्रस्तुत गरिएको छ । सुकेको फूलको दृश्य र तास खेल्दै गरेका केही विम्बमार्फत नाटकले कथाबारे भन्छ । मलिकाको अगाडि जलिरहेको आगो र उनको हतास मनस्थिति प्रस्तुत गरिएको छ ।

❒ वर्ष २९ ❒ अंक १४९ ❒ २०८० पुस ११ गते बुधबार 27 December 2023, Wednesday ❒ पृष्ठ संख्या ४ मूल्य रु ५/-

# अलमलमै प्रचण्ड सरकारका एक वर्ष

## अपेक्षित परिणाम दिन सकेन

**रामचन्द्र रायमाझी**

**पाल्पा,** पुस १०/पुष्पकमल दाहाल प्रचण्ड नेतृत्वको गठबन्धन सरकार गठन भएको मंगलबार एक वर्ष पुरा भएको छ । २०७९ पुस १० मा गठन भएयता सरकारले जनताको तहसम्मै प्रत्यक्ष अनुभूति हुने गरी काम गर्न नसकेको आमबुझाइ छ ।

प्रधानमन्त्रीको सपथ लिएलगत्तै एक वर्षभित्र जनताले अनुभूति गर्ने गरी काम गर्ने प्रचण्डले प्रतिवद्धता व्यक्त गरे पनि उक्त समय अलमल र अन्यौलतामै बितेको छ । तेस्रो पटक मुलुकको कार्यकारी प्रमुख हुने अवसर पाउँदा उनले अवसरलाई सदुपयोग गर्दै देश र जनताका लागि ऐतिहासिक काम गर्ने वाचा गरे पनि विकास र सुशासनका क्षेत्रमा कुहिरोमा हराएको कागजस्तै अलमलमा परेको देखिन्छ ।

सुरुवातका दिनमा सरकारबाट ठूलो आशा गरेका जनता पछिल्ला गतिविधिबाट भने निराश छन् । प्रधानमन्त्री दाहाल सरकारले सुशासन, समृद्धि र सामाजिक न्यायलाई प्राथमिकतामा राखेको थियो । सुशासनका लागि नक्कली भुटानी



शरणार्थी, सुन तस्करी प्रकरण लगायतका भ्रष्टाचार र अनियमितताका ठूला काण्डको छानबिन अघि बढाएर 'आक्रामक' सुरुवात गरे पनि पछिल्ला दिनमा भने सरकार ति विषयमा अलमल देखिन्छ । सत्तारुढ दलकै पूर्वगृहमन्त्री समातिए । केही पक्ष परिणाममूलक पनि छन् तर, तिनलाई अन्य पक्षले किचिदिएको छ । सुनकाण्डका विषय पनि यसै ढिसमिस जस्तो भएको छ । अर्थतन्त्र सुधारमा सरकार असफल जस्तै देखिएको छ । एक वर्षको अवधिमा गठबन्धन जोगाउने र दैनिक प्रशासनका नियमित काममा मात्रै सरकार अल्झेको राजनीतिक विश्लेषकहरू बताउँछन् । आर्थिक एवं भौतिक विकास, सुशासन, संघीयता कार्यान्वयन र जनजीवनलाई प्रत्यक्ष फाइदा पुग्ने काम सरकारले यो अवधिमा गर्न सकेन । उल्टै रेशम चौधरी, ल्याह्क्याल लामा, योगराज ढकाल (रिगल)को नियुक्ति र आममाफी प्रकरणमा सरकार 'आलोचित' बन्यो ।

अहिलेको आर्थिक अवस्था धराशायी बन्दै गइरहेको छ । ऋण खोजेर कर्मचारीलाई तलब खुवाउनुपर्ने अवस्था छ । सरकारले उपयुक्त डेलिभरी र रोजगारी दिन सकेको छैन । गठबन्धन जुन तामझाम र उद्देश्यका साथ गठन भयो त्योअनुसार काम हुन नसकेको आम नागरिकको बुझाई छ । भ्रष्टाचार नियन्त्रणमा सरकार अघि बढेको भन्दै जनताले प्रसंशा गरे पनि सरकारले ती प्रकरणलाई कमजोर बनाउने, राजनीतिक रंग दिने र आफ्नालाई जोगाउने 'धन्दा' चलाएपछि जनतामा झन् निराशा छाएको हो । समयक्रममा सरकार आफ्नै कतिपय निर्णय तथा प्रधानमन्त्री र मन्त्रीहरूका असंयमित बोलीका कारण विवादित हुँदै आएको छ । यसबीचमा सरकारले प्रणाली र संयन्त्रको प्रभावकारिता एवं कानूनको सुदृढताका लागि आवश्यक पहल गर्न सकेन । अर्कातिर, सेवा प्रवाहमा चुस्तता र सरलता पनि हुन सकेन । सरकारले आफ्नो एक वर्षे शासनमा सुशासनका लागि चालेको कदमबाट सरकारी अड्डा पुग्ने आम सर्वसाधारणले सुधार महशुस गर्न पाएनन् । मालपोत, वैदेशिक रोजगार विभाग, कर कार्यालय, राहदानी विभागलगायत जनताको सोझै काम पर्ने सरकारी कार्यालयमा झन्झटरहित सेवा प्रवाह हुन नसक्दा पनि सरकारले ठोस काम गर्न नसकेको भनेर आलोचना भइरहेको छ । सरकारले पटक-पटक ठूला परियोजना र कार्यक्रमलाई प्राथमिकता दिने बताउँदै आए पनि तत्काल गर्न सकिने सडक र अन्य पूर्वाधार निर्माण तथा निर्माणाधीन परियोजनालाई समेत तीव्रता दिन पहल गरेकै छैन । सरकारले एक वर्षमा कानुन निर्माणको पाटोलाई समेत उपेक्षा गरेको देखिन्छ । यो एक वर्षमा संसद्ले एउटा बाहेक कानुन निर्माण गर्न सकेनन् । मिटर ब्याजपीडितलाई न्याय दिन ल्याएको विधेयक मात्र संघीय संसद्ले पारित गरेको हो । पहिलो अधिवेशनमा सरकार गठन, सभामुख र उपसभामुख चयन लगायतका काममा संसद्को समय बित्यो । दोस्रो अधिवेशनले मुलुकी संहिता सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयक मात्रै पारित गऱ्यो ।

## संक्षिप्त समाचार

### नाइजेरियामा आक्रमणः १ सय ६० जनाको मृत्यु

**(रासस/सिन्ह्वा)**

**अबुजा,** पुस १०/मध्य नाइजेरियाका गाँउमा भएको शृङ्खलाबद्ध आक्रमणमा कम्तीमा १ सय ६० जनाको मृत्यु भएको स्थानीय अधिकारीहरुले बताएका छन् । बोक्कोस स्थित स्थानीय सरकारी क्षेत्रको गाँउ मुसुमा गोठाला र किसानहरू बीच भएको झडपमा १६ जनाको मृत्यु भएको छ ।

बोक्कोस, पठार राज्यको स्थानीय सरकारका अनुसार कम्तीमा १ सय १३ जनाको मृत्यु भएको पुष्टि भएको छ । झडपमा घाइते भएका ३ सयभन्दा बढी व्यक्तिलाई बोक्कोस, जोस लगायतका अस्पतालमा सारिएको छ। स्थानीय रेडक्रसको अस्थायी टोलीले बोक्कोस क्षेत्रका १८ गाउँमा १ सय ४ जनाको मृत्यु भएको उल्लेख गरेको छ । संसद्का सदस्य डिक्सन चोलोमका अनुसार बार्किन लाडी क्षेत्रका थुप्रै गाउँहरूमा कम्तीमा ५० जनाको मृत्यु भएको छ । यो घटना पठारमा गत मे महिना यताकै सबैभन्दा हिंस्रक घटना हो । सो घटनामा किसान र गोठाला बीचको झडपमा सय भन्दा बढीको मृत्यु भएको थियो । नियमित रूपमा हुँदै आएका सशस्त्र आक्रमणले नाइजेरियाको उत्तरी र मध्य क्षेत्रमा गम्भीर सुरक्षा खतरा बढेको छ ।

## वडावासीको सहजताका लागि एउटै वडाको सेवा दुई ठाउँबाट

**वालिङ (स्याङ्जा),** पुस १०/ स्याङ्जाको भिरकोट नगरपालिका-८ को वडा कार्यालयले दुई ठाउँबाट सेवा प्रवाह गर्दै आएको छ । भौगोलिक विकटता र जनसंख्याका दृष्टिले नगरपालिका ठूलो भएपछि वडावासीको सहजताका लागि दुई ठाउँबाट सेवा दिँदै आइएको हो ।

वडाका सबैलाई पायक पर्ने ठाउँमा वडा कार्यालय नभएपछि वडावासीको सहजताका लागि दुई ठाउँमा वडा कार्यालय स्थापना गरी सेवा दिँदै आइएको वडाध्यक्ष नन्दलाल खनालले बताए । साविकको ढापुक सिमलभञ्ज्याङ गाविस सिङ्गैबाट बनेको ८ नं वडा भौगोलिक हिसाबले विकट तथा नगरपालिकाबाट टाढा भएकाले वडाबासीको पहलमा दुई ठाउँमा कार्यालय स्थापना गरी सेवा दिइएको उनले बताए । 'हप्तामा छ दिन कार्यालयबाट सेवा प्रवाह हुने भएकाले तीन दिन एउटा कार्यालयबाट र तीन दिन अर्को कार्यालयबाट सेवा दिँदै आएका छौँ', खनालले भने, 'आइतबारदेखि मंगलबार ढापुक जामुनेडाँडा वडा कार्यालय र बुधबारदेखि शुक्रबारसम्म मोहनडाँडामा रहेको वडा कार्यालयबाट सेवा दिँदै आएका छौँ ।' वडाध्यक्ष सहितका जनप्रतिनिधि तथा कर्मचारी





हप्ताको पहिलो तीन दिन ढापुक जामुनेडाँडामा जाने र पछिल्लो तीन दिन मोहनडाँडामा रहेको वडा कार्यालयमा गई सेवा प्रवाह गर्दै आएका छन् । सुरुका दिनमा केही अन्योलतामा भए पनि अहिले भने सेवाग्राहीलाई पूर्ण जानकारी भइसकेको वडाध्यक्ष खनालले बताए । 'नभइ नहुने अत्यावश्यक सेवा, सिफारिस लगायतका कामका लागि दुईमध्ये जुनसुकै कार्यालयबाट लिन पाइयो', उनले भने । वडा कार्यालयले दुई ठाउँमै भवन निर्माण गरी कार्यालय सञ्चालनका लागि आवश्यक सामग्रीको व्यवस्थापन गरेको छ । दुई ठाउँबाट सेवा पाउने भएपछि लामो समय खर्च गरेर वडा कार्यालयसम्म पुग्नुपर्ने बाध्यता हटेको स्थानीय बताउँछन् । उक्त वडामा हाल चार हजार सात सय नागरिक बस्दै आएका छन् ।*-रासस*

## तानसेन खानेपानी समितिमा मनोनयन : अध्यक्ष र सचिव बाहेक सबै निर्विरोध

**कृष्ण पोखरेल**

**पाल्पा,** पुस १०/तानसेन खानेपानी उपभोक्ता समितिको निर्वाचनका लागि मनोनयन दर्ता भएको छ । यही पुस १४ गते हुन लागेको समितिको निर्वाचनका लागि मंगलबार मनोनयन दर्ता भएको हो ।

मनोनय दर्ता अनुसार अध्यक्ष र सचिव बाहेका पद निर्विरोध भएका छन् । प्रमुख निर्वाचन अधिकृतको कार्यालयका अनुसार अध्यक्षका लागि चार जनाको उम्मेदवारी परेको छ । अध्यक्षका लागि प्रज्ञासागर शाक्य, भुगोलप्रसाद बैजु श्रेष्ठ, राजु महर्जन र मोहनप्रसाद श्रेष्ठले मनोनय दर्ता गराएका हुन् । यस्तै उपाध्यक्षमा लालमने अर्दे पुनको एकल उम्मेदवारी परेको छ । सचिवमा दुई जनाले उम्मेदवारी दिएका छन् । जसमा प्रेमबहादुर मल्ल र विष्णुबहादुर कार्की रहेका छन् । यस्तै कोषाध्यक्षमा शुसिला श्रेष्ठ कर्माचार्य र सह-सचिव विर्जु खातीको एकल उम्मेदवारी परेको छ । खुला सदस्यमा बसन्तकुमार गहतराज, महेन्द्र खाती,



रेनुका बस्याल, महिला सदस्यमा फूलमाया सुनारी रहेका छन् । उपाध्यक्ष, कोषाध्यक्ष, सह-सचिव, खुला सदस्य र महिला सदस्यहरुमा परेका उम्मेदवारहरु निर्विरोध चयन भएका छन् । जिल्लामा क्रियाशिल राजनीतिक दलहरुले समितिको पद भागबण्डाको लागि सहमति कायम गरे पनि अध्यक्ष र सचिव पदमा भने प्रतिष्प्रर्धा देखिएको छ । सहमति अनुसार अध्यक्ष र एक सदस्य नेपाली काँग्रेसलाई, उपाध्यक्ष नेकपा माओवादीलाई, सचिव र एक सदस्य एमालेलाई, सह-सचिव राप्रपालाई, कोषाध्यक्ष राष्ट्रिय स्वतन्त्र पार्टीलाई, नेकपा एकिकृत र राष्ट्रिय जनमोर्चालाई एक-एक सदस्य दिने समझदारी भएको थियो ।

नेपाली काँग्रेसले अध्यक्षमा मोहन प्रसाद श्रेष्ठ र सदस्यमा महेन्द्र खातीलाई सिफारिस गरेको थियो भने नेकपा एमालेले सचिवमा प्रेम बहादुर मल्ल र सदस्यमा रेनुका बस्याललाई सिफारिस गरेको थियो । समितिको अध्यक्षमा उम्मेदवारी दिएका श्रेष्ठ नेपाली काँग्रेससहित सबै राजनीतिक दलको साझा उम्मेदवार हुन् भने, शाक्य र बैजु स्वतन्त्रबाट र महर्जन नेपाली काँग्रेसबाट बागी उम्मेदवार बनेका हुन् । सचिवमा उम्मेदवारी दिएका मल्ल एमाले सहित राजनीतिकदलको साझा उम्मेदवार, कार्कीले एमाले बाटै बागी उम्मेदवारी दिएका छन् । अध्यक्षमा मोहनप्रसाद श्रेष्ठ र सचिवमा प्रेमबहादुर मल्लसहित निर्विरोध निर्वाचित भएका सबै व्यक्तिहरुलाई दलिय सहमतिमा उम्मेदवारी दिन लगाएको वार्ता समितिका संयोजक तथा नेपाली काँग्रेस पाल्पाका उपसभापति झपेन्द्र गैरेले जानकारी दिए ।

निर्विरोध निर्वाचित भएकाहरुमा नेकपा माओवादी केन्द्रबाट उपाध्यक्षमा अर्दे पुन, राप्रपाबाट सहसचिवमा खाती, कोषाध्यक्षमा रास्वबाट श्रेष्ठ कर्माचार्य, खुला सदस्यमा गहतराज नेकपा एकिकृत समाजवादीबाट, खाती नेपाली काँग्रेसबाट, बस्याल नेकपा एमालेबाट, महिला सदस्यमा सुनारी राजमो बाट रहेका छन् । निर्वाचन समितिले पुस ११ गते उम्मेदवार विरुद्ध दावी विरोध पेस गर्ने, १२ गते उम्मेदवारहरुले उम्मेदवारी फिर्ता लिई समितिले अन्तिम नामावली प्रकाशन गर्ने र १४ गते निर्वाचनको तालिका तय गरेको प्रमुख निर्वाचन अधिकृत दुर्गाबहादुर थापाले जानकारी दिए ।

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

नव जनचेतना
NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक

# सम्पादकीय

## सामाजिक सद्भाव कायम राखौँ

पछिल्लो समय उच्च पदस्थ व्यक्तिहरुबाट समाजमा भाँडभैलो मच्चाउने काम भएको छ । धार्मिक होस् वा जातियताका नाममा समाजलाई नकारात्मक प्रवृत्तितर्फ उद्यत् बनाउन मानिसहरु लाग्ने गरेका छन् । पछिल्लो जल्दोबल्दो घटना हो संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री सुदन किराँतीले दिएको अभिव्यक्ति । क्रिसमस फेस्टिबलमा आयोजित एक कार्यक्रममा मन्त्री किराँतीले क्रिश्चयनहरुको मात्रै पृष्ठपोषण गर्दै अन्य धर्म, सम्प्रदायलाई गिराउने खालाका अभिव्यक्ति दिएका थिए । उनले क्रिश्चियन धर्मको विरोध गर्दा सविधानको समेत विरोध हुने भन्दै त्यस्तो अवस्थामा विरोध गर्नेलाई हतकडी नै लगाउनुपर्ने कडा अभिव्यक्ति दिएका थिए । यो उनको अभिव्यक्ति अहिले विवादमा परेको छ ।

अहिले सर्वत्र उनको अभिव्यक्तिकै कारण राजीनामाको माग गरिएको छ । जसले सामाजिक सद्भाव खल्बलिँदै गएको प्रत्याभूति हुन्छ । एउटा विशेष धर्मको पृष्ठपोषण गर्दै त्यसको प्रचारमै उभिएको अवस्थामा उनले सम्हालेको पदीय मर्यादाको समेत उल्लङ्घन हुनपुगेको छ । उनलाई जे मन लाग्यो त्यही बोल्न मन्त्रीको जिम्मेवारी दिइएको होइन । आफ्नो जिम्मेवारी के हो भन्ने कुरा विर्सनु दुखद् हो । यस्तै कुतर्कका कारणले नै समाजमा द्वन्द्व मच्चिने हो । अहिले यस्तै व्यक्तिहरुका कारण समाजमा लडाई, हत्या, हिंसाका घटनाहरु बढ्दै गएका छन् । त्यसले गर्दा शान्ति सुरक्षामा गम्भीर असर पारेको छ । धर्मको आधारमा गरिने जुनसुकै विभेद निन्दनीय छ । यस्तो हुनु भनेको साम्प्रदायिक सद्भावलाई खलबल्याउनु हो । यस्ता गतिविधि अञ्जानमा भइराखेका छन् कि कुनै निश्चित प्रयोजनार्थ भइरहेका छन् भन्ने प्रश्न अहिले अहम रुपमा उठेको छ । यसरी धर्मका नाममा भइरहेका गतिविधिहरूलाई अहिले नै समाधान नगरे नियन्त्रणबाहिर नजाला भन्न सकिँदैन । समाजलाई वेथिति गर्न उक्साउने र भड्काउन खोज्नेहरूलाई कडा भन्दा कडा कारवाही गर्नुपर्छ । तसर्थ सरकारले समाजमा सद्भाव कायम राख्न कानुन कार्यान्वयनमा जोड दिन जरुरी छ ।

## Opinion @ Social Network

शत्रुले आफुतिर हानेको ढुङ्गा बटुलेर घर बनाउने क्षमता राख्नुहोस्
जिन्दगीले आफैं काचुली फेर्नेछ...।
(निर्मला रानाको फेसबुक स्टाटस https://www.facebook.com/Nirmala.rana)

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# स्थानीय तह, आर्थिक सबलीकरण र सञ्चार



**मेघनाथ दाहाल**

*एक्काइशौं शताब्दीको सार्थक मानव अस्तित्व आधारभूत मानवाधिकारको प्रत्याभूति, सूचना तथा सञ्चार एवं अन्य नागरिक हकअधिकारको बन्दोबस्तीविना सहज जीवन यापन गर्न सक्दैन । स्थानीय निकायलाई सामाजिक तथा आर्थिक रूपमा सशक्त बन्न आमसञ्चारले नागरिकहरूको नैसर्गिक अधिकारको प्रयोगमा सूचना प्रवाहको माध्यमद्वारा अहम् भूमिका खेल्न सक्दछ । संविधानले व्यवस्था गरेको सूचना तथा सञ्चारको आधारभूत हकअधिकारको स्थानीय निकायमा कार्यान्वयन गर्न स्थानीय निकायहरूको पहिलो भूमिका हुन्छ । त्यसैगरी नागरिक हकअधिकारका बारेमा अन्जान तथा अशिक्षितहरूको सहज पहुँचका लागि स्थानीय सरकारले नै पहिलो प्रभावकारी भूमिका खेल्ने चासोमात्र नभई क्षमता एवं हैसियत पनि राख्नुपर्ने हुन्छ । आमसञ्चार ऐन २०७३ ले सर्वसुलभ पहुँचमा आधारित प्रजातान्त्रिक मूल्यमा आधारित सूचना तथा सञ्चारको उल्लेख गरेको छ ।*

लामो समयको राजनीतिक संघर्ष एवं प्रतीक्षापछि मुलुकले नयाँ व्यवस्था अनुरूप संघीयतासहितको गणतान्त्रिक संविधान २०७२ आश्विन ३ गते पाउन सकेको हो । यद्यपि कतिपय संवैधानिक व्यवस्थाप्रति जनगुनासो कायमै रहेको छ तर यसलाई नेपालीको अभूतपूर्व प्राप्तिका रूपमा लिन सक्नुपर्दछ । यो सुखद् क्षणसँगै हामीले मुलुकभरमा ७५३ स्थानीय तहहरूको सिर्जैना गऱ्यौं । र संविधानत: जिम्मेवारी प्रदान गरिएको छ । कतिपय कानुनको निर्माण हुन सकेको छैन भने कतिपय निर्माणको तयारीमा रहेका छन् । एकदशक बित्न लागेको यस यात्रामा हामी स्थानीय तहको संस्थागत विकासको शैशव अवश्थामै छौं । नयाँ संविधान र व्यवस्थापछिको सबैभन्दा सवल र आमसर्वसाधारणको दु:ख, सुखमा साथ दिन सक्ने सरकारको रूपमा स्थानीय निकायलाई लिने गरिएको छ । ६ महानगरपालिका, ११ उपमहानगरपालिका, २७६ नगरपालिका र ४६० गाउँपालिका सहित कूल ७५३ स्थानीय निकायको रूपमा विभाजन गरिएको छ । यी सबै निकायमा निर्वाचित प्रतिनिधि र स्थानीय कर्मचारीको संयुक्त प्रयासबाट सबैभन्दा तल्लो सरकारको तर सर्वसाधारण जनतासँग दिनप्रतिदिन प्रत्यक्ष सम्बन्ध राख्ने सरकारको व्यवस्था गरिएको छ ।

हाम्रो विकास प्रयास २०१३ सालबाट योजनाबद्ध तरिकामा चलेको भए तापनि केन्द्रबाट तल जाने तरिकाले काम गर्न सकेन भन्ने बुझाइलाई सार्थकता दिँदै नयाँ संविधानले स्थानीय निकायलाई सशक्त रूपमा उभ्याएको छ । गाउँ तथा स्थानीय निकायको सामाजिक, आर्थिक तथा राजनीतिक रूपमा सबलीकरण नगरी मुलुकको विकास सम्भव नहुने कुरालाई मनन् गरेर नै नयाँ संविधानले स्थानीय तहलाई राजनीतिक रूपमा मात्र नभएर आर्थिक अधिकारमा पनि कार्यकारिणीका रूपमा सशक्त रूपमा उभ्याएको छ । एक्काइशौं शताब्दीको सार्थक मानव अस्तित्व आधारभूत मानवाधिकारको प्रत्याभूति, सूचना तथा सञ्चार एवं अन्य नागरिक हकअधिकारको बन्दोबस्तीविना सहज जीवन यापन गर्न सक्दैन । स्थानीय निकायलाई सामाजिक तथा आर्थिक रूपमा सशक्त बन्न आमसञ्चारले नागरिकहरूको नैसर्गिक अधिकारको प्रयोगमा सूचना प्रवाहको माध्यमद्वारा अहम् भूमिका खेलन सक्दछ । संविधानले व्यवस्था गरेको सूचना तथा सञ्चारको आधारभूत हकअधिकारको स्थानीय निकायमा कार्यान्वयन गर्न स्थानीय निकायहरूको पहिलो भूमिका हुन्छ । त्यसैगरी नागरिक हकअधिकारका बारेमा अन्जान तथा अशिक्षितहरूको सहज पहुँचका लागि स्थानीय सरकारले नै पहिलो प्रभावकारी भूमिका खेल्ने चासोमात्र नभई क्षमता एवं हैसियत पनि राख्नुपर्ने हुन्छ । आमसञ्चार ऐन २०७३ ले सर्वसुलभ पहुँचमा आधारित प्रजातान्त्रिक मूल्यमा आधारित सूचना तथा सञ्चारको उल्लेख गरेको छ । जसमा जाति, भाषा, वर्ग, लिंग, पिछिडिएको वर्ग तथा समूहको सहित उपस्थितिमा सञ्चार तथा सूचनाका आधारभूत पक्षहरूसँग समाज साक्षात्कार हुनुपर्ने कुरामा जोड दिएको छ । प्रजातान्त्रिक शासनप्रणालीमा सुसूचित हुन पाउने सूचनाको हकले नागरिकलाई आर्थिक सामाजिक नागरिक तथा अन्य हकअधिकारको बारेमा जानकारी गराएर संगठित गराउने तथा कहिँ कतै अधिकारको प्रत्यायोजनमा समस्या देखिएमा आमनागरिकलाई सचेत गराउनेसम्मको हैसियत राखेको हुन्छ । यसमा सरकार प्रेस तथा सूचनाको संस्थागत विकासमा कत्तिको सकारात्मक रहेको छ भन्ने कुराले सबैभन्दा महत्वपूर्ण भूमिका खेलेको हुन्छ ।

स्थानीयस्तरमा सञ्चालित ३४ हजार सहकारीलाई कृषिजन्य स्थानीय उत्पादनसँग जोड्न नसक्नु हालसम्म भएका हाम्रा विकास प्रयासमा भएको एउटा ठूलो गल्ती वा कमजोरी हो । सहकारीहरूले कृषि उत्पादनलाई बजार र आमसर्वसाधारणको मागनुरूप आपूर्ति गर्ने काममा किन सफल हुन सकेनन् । हुन त, नेपाल कृषिप्रधान मुलुक हो भन्ने कुरा अब जोकजस्तो हुन थालेको छ । हालका दिनमा कृषक र राज्यबीच कुनै सम्बन्ध देखिँदैन । जनसंख्याको सबैभन्दा ठूलो हिस्सा यसै क्षेत्रमा हुँदाहुँदै सरकारले अभिभावकको भूमिका निर्वाहा गर्न सकेको छैन । राज्यले कृषकलाई आवश्यक परेको समयमा सरसहयोग गर्नुपर्नेमा भाग्ने गरेको छ । मल, बिउ सिँचाइ, मूल्य बजार भण्डारनलगायत विषयमा सहयोग गर्नुको साटो विभिन्न नीतगत व्यवस्थाको बाहनामा आफ्नो कर्तव्यबाट विमुख भइरहेको देखिन्छ । सरकारले कृषक र कृषिक्षेत्रप्रति यी र यस्तै किसिमका दुर्व्यवहार गर्ने सम्भावनाको बीच सहकारी अवधारणाको विकास द्रुत गतिमा आठौं योजनाबाट गरिएको हो । यसैको परिणामस्वरूप मुलुकभरमा ठूलो संख्यामा सञ्चालनमा छन् तर यी सहकारीहरूले सिद्धान्तत: बैंकहरूको जस्तो काम गरिरहेका छन् न कि शहकारीहरूको जस्तो ।

जबसम्म सञ्चालित सहकारीलाई उत्पादनसँग जोड्ने र सिमान्तीकृत कृषकको आर्थिक अवस्थामा सुधार ल्याउन सकियोस् । सहकारीको सञ्चालन र कृषि उत्पादनलाई बजारसम्म सही तरिकाका साथ ल्याउन सक्ने काममा सञ्चार क्षेत्रको अहम् भूमिका हुन्छ । एकातिर कृषि उत्पादनमा सरकारको कत्ति पनि सहयोग नहुनाले कृषक अलमलमा भएकाले पनि बिचौलियाको दबदबा कायमै रहेको देखिन्छ । कृषकले उचित मूल्य नपाएर सधैं मारमा परेको देखिन्छ । त्यसैगरी उपभोक्ता अतिमूल्यका कारण दोहोरो मारमा छन् । यी यावत् कारणले गर्दा कृषिजन्य स्थानीय उत्पादनले सही बजारमूल्य पाउन सकिरहेका छैनन् भने गैरकृषिजन्य तर स्थानीय बजारमा उल्लेख्य माग भएका तथा बिक्री हुनसक्ने वस्तुलाई आयातीत औद्योगिक उत्पादनहरूले विस्थापित गरिरहेका छन् । स्थानीय बजारमा माग भयका वस्तुको बजारीकरणमा सञ्चार क्षेत्रको भूमिका उपभोक्ता तथा उत्पादक दुबैको हितमा हुन सक्दछ । स्थानीय निकायले सञ्चारको भूमिकालाई वडादेखि महानगरपालिकासम्म पनि प्रभावकारी बनाउन सक्नेहुन्छ । बजारमा जनस्वास्थ्यको हितमा नभएका धेरै वस्तु सेवाहरूको सहज आपूर्ति, बिक्रीवितरणको कार्यमा निश्चित मापदण्ड तयार पार्न सकेमा दोहोरो फाइदा गर्न सकिन्छ । अति बिचौलियाको प्रभाव र किसानको उत्थान मुलुकभर छरिएका ७५३ स्थानीय तहमा सम्भावना भएका उत्पादनमूलक क्षेत्रहरूको पहिचान गर्ने काम स्थानीय निकायहरूको साथमा सञ्चार क्षेत्रले महतवपूर्ण भूमिका खेल्न सक्दछ । स्थानीय कच्चा पदार्थ र सकेसम्म सस्तो तर बढी उत्पादन दिने वस्तु तथा सेवाहरूको उत्पादन गर्न सकेमा सम्बन्धित क्षेत्रको थोरै पनि माग धान्न सकेमा राष्ट्रियस्तरको व्यापार घाटा कम गर्न सकिन्छ । यसका लागि आवश्यक कर्जा प्रवाहको व्यवस्थापनमा स्थानयी तहले समन्वयकारी भूमिका खेल्न सक्दछ र स्थानीय तहमा स्थापित सञ्चार गृहले आमसर्वसाधारणको आर्थिक चेतना बढाउने बजार माग, मूल्यका बारेमा सुसूचित गर्ने र आवश्यक परेको समयमा साँचो कृषकलाई बिचौलियाहरूको पञ्जाबाट जोगाउने भूमिका खेल्न सक्दछन् ।

बैंक तथा वित्तीय संस्थाले ग्रामीण क्षेत्रमा स्थापना भएका वा हुने तरखरमा रहेका लघुउद्यममा सर्वसुलभ कर्जा प्रवाहको उद्देश्यले स्थापित भएका पनि आजभोलि धेरैको साना एवं सिमान्तीकृत व्यवसायीका लागि सन्तोषजनक छैन । वाणिज्य तथा विकास बैंकहरूको शाखा पुग्न नसकेका धेरै विकट गाउँपालिका, नगरपालिकामै लघुवित्तहरूको शाखामार्फत आर्थिक काम गर्न स्थापना भएका संस्थाले सोचेनुरूप उद्यमशील विकास हुन नसकेको हो । आमनेपालीको स्वास्थ्य स्थिति अन्तर्राष्ट्रियस्तरमा नाजुक अवस्थामा छ तर शिशु मृत्युदर, मातृ मृत्युदर र औसत आयुमा प्राप्त गरेको सफलता दक्षिण एशियामा मात्र नभएर समग्र तेस्रो विश्वका लागि नमुना हुन सक्दछ । अझै बालबालिकाको आधारभूत भ्याक्सिनेसनमा हामीले १०० प्रतिशत सफलता छैन । अन्तिम दायित्व स्थानीय तहले लिनुपर्ने हो । जति सजिलो स्थानीय तहलाई यो काम गर्न सजिलो हुन्छ अन्य कुनै निकायलाई हुँदैन । पोषण, शिक्षा, स्वस्थ्य वातावरण तथा बालबालिकाको सर्वांगीण विकासका लागि खेलमैदान जस्ता पक्षहरूको व्यवस्थापनमा स्थानीय निकायले जुनस्तरमा काम गर्ने हैसियत राख्दछन् आज हामीले सबैभन्दा महत्व दिएका छौं । यावत् कारणले गर्दा स्थानीय निकायलाई उच्च प्राथमिकतामा राखेर राजनीतिक दलहरूले कानुन बनाउने काम गरिरहेका छन् तर युवाहरूको शहरोन्मुख पलायन एवं वैदेशिक रोजगारको भयावह स्थितिले यो शुभ विचारमा ठेस लाग्ने हो कि भन्ने डर देखिन थालेको छ ।

*-इहिमालय टाइम्स डटकम*

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५
**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४
**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : सम्मान र प्रतिष्ठा प्राप्त हुनसक्छ। परोपकारका क्षेत्रमा लगानीको समय छ। | **तुला** : कार्य सम्पादनमा सहजता मिल्नेछ। वैदेशिक कमहरू आगाडि बढ्नेछ । |
| **वृष** : कामका अवसर फेला पर्नेछन् । श्रमको उचित मूल्याङ्कन हुनेछ । | **वृश्चिक** : सहयोगी र नातागोताको साथ मिल्नेछ । वैदेशिक काम पनि बन्न सक्छ। |
| **मिथुन** : आफ्नो प्रयासबाट दीर्घकालिक फाइदा पुग्नेछ । मनमा शान्ति छाउनेछ। | **धनु** : सामाजिक कार्यमा सफलता मिल्नेछ। सहयोगीहरूको राम्रो साथ पनि मिल्नेछ। |
| **कर्कट** : मनमा देखिने अस्थिरता अधैर्यताका कारण निर्णायक क्षमतामा कमी आउनेछ। | **मकर** : मान सम्मान पाइनेछ । दाम्पत्य जीवनमा मधुरता छाउनेछ । |
| **सिंह** : बोलीको प्रभाव बढ्नेछ । नयाँ कामको थालनी पनि हुनेछ । | **कुम्भ** : समयमा सही निर्णय लिन सकिनेछ । अध्ययनमा सफलता मिल्नेछ। |
| **कन्या** : धार्मिक कार्य सफल हनेछ । आर्थिक क्षेत्रमा राम्रो सफलता मिल्ला । | **मीन** : अधिकारका लागि संघर्ष गर्नुपर्ला। परिवारमा केही असामान्यता देखिन सक्छ। |

मनोरञ्जन

# माघदेखि असारसम्म दयाहाङका सात फिल्म



कुनै बेला अभिनेता राजेश हमालको फिल्ममा जुनखालको व्यस्तता हुने गथ्र्यो, लगभग त्यही अवस्था यतिबेला दयाहाङ राईको छ । यसैले त उनलाई 'दोस्रो राजेश हमाल' भन्ने गरिन्छ । लगातार फिल्मको सफलता र उम्दा अभिनय गर्ने भएकाले मेकरको रोजाईमा उनी परिरहेका हुन् । उनको व्यस्तता कुन हदसम्म छ भने अबको झण्डै एक वर्ष उनलाई एक दिन पनि फुर्सदले बस्ने समय छैन ।

यतिबेला दयाहाङको पाइपलाइनमा एक दर्जन हाराहारी फिल्म छन् भने रिलिजको तयारीमा रहेका फिल्म आधा दर्जन बढी छन् । जसले गर्दा उनलाई छायांकनमा समय दिने कि प्रचारमा हिँड्ने भन्ने अन्योल स्थित छ । अवस्था कस्तोसम्म आएको छ भने उनका फिल्म एउटै मितिमा भिड्न थालेका छन् । अब पनि फिल्मको संख्या घटाउन उनी गम्भीर नहुने हो भने यो समस्या अझ बढ्नेछ । अबको ६ महिनामा मात्र उनका ७ वटा फिल्म महिनैपिच्छे प्रदर्शन हुँदैछन् । आगामी माघ २६ मा त उनका दुई फिल्म 'हात्तीछाप' र 'दयारानी' भिड्न तयार देखिएका छन् । यसअघि उनका दुई फिल्म 'जारी' र 'बिहे पास'बीच पनि भिडन्त भएको थियो । फागुन २५ मा भने उनको 'रंगेली' प्रदर्शन हुँदैछ । र, आगामी चैत ३० गतेदेखि उनी अभिनीत फिल्म 'डिग्री माइला' प्रदर्शनमा आउँदैछ । यसैगरी, दयाहाङको आगामी वर्षको बैशाख २१ गते 'मनसरा', जेठ १८ गते 'गाउँ आएको बाटो' र असार २८ गते 'घरज्वाइँ' प्रदर्शन हुनेछन् । उनले काम गर्न लागेका फिल्मको सूची लामो भएकाले असारपछि पनि महिनैपिच्छे फिल्म रिलिजको सम्भावना देखिन्छ । धेरै फिल्म गर्दा एक-दुईवटा सफल हुनसक्छन् । तर, धेरै निर्माता डुब्ने खतरा हुन्छ । दयाहाङले यो पाटोलाई भने हेरेको देखिँदैन ।

*-फिल्मी खबर डटकम*

# कतिमा बन्छन् म्युजिक भिडियो ?



गीत सुन्नेमात्र होइन हेर्न पनि थालिएको धेरै वर्ष भइसक्यो । अहिले अधिकांश गीतका म्युजिक भिडियो बन्छन् । भिडियो अनिवार्य जस्तै भएसँगै गीत निर्माण पनि महँगो बन्दै गएको छ । अझ, पछिल्लो समय मोडलहरूको पारिश्रमिककै कारण भिडियो निर्माण अझ महँगो बनेको निर्देशकहरू बताउँछन् । विशेषगरी फिल्ममा पनि सक्रिय रहेका कलाकारहरूलाई लिएर भिडियो बनाउँदा उनीहरूको पारिश्रमिकमै धेरै खर्च हुने गरेको छ । म्युजिक भिडियोमा महँगो पारिश्रमिक लिनेमा पल शाह, पुष्प खड्का, आकाश श्रेष्ठ, केकी अधिकारी, आँचल शर्मा, वर्षा राउत, मलिका महत आदि पर्छन् । उनीहरूमध्ये केहीको पारिश्रमिक १ लाख हाराहारी र केहीले डेढ लाख रुपैयाँभन्दा बढी पनि लिने गरेको निर्देशकहरू बताउँछन् ।

फिल्मी कलाकारलाई लिएर सामान्य खालको भिडियो बनाउँदा पनि ५-६ लाख रुपैयाँ खर्च हुने गरेको कोरियोग्राफर एवं निर्देशक रामजी लामिछाने बताउँछन् । कलाकार, लोकेशन, कोरस इत्यादीका आधारमा भिडियोको लगानी अझ बढ्ने गरेको समेत उनले बताए । कलाकारहरूको पारिश्रमिक धेरै हुँदा अन्य कुरामा भने खुम्चिएर काम गर्नुपर्ने अवस्था छ । लामिछाने भन्छन् 'अहिले भिडियोमा संगीतकार, गायकहरू आफैं खेलिरहनुभएको देखिन्छ । किनकी उहाँहरूले आफैं खेलेर खर्च बचाउन खोज्नुभएको हो । त्यस्तै न्यू कमर पनि उत्तिकै हाबी भइरहेका छन् ।' चलेका मोडलहरूलाई लगानी गर्न नसक्दा गीतकार, संगीतकार वा गायकले गीत बनिसकेपछि भिडियोका लागि पैसा लगानी गर्ने पुरुष वा महिला (न्यू कमर) खोज्ने गरेका छन् । न्यू कमरले चलेका मोडलसँग देखिने चाहनामा भिडियोमा लगानी गर्ने गरेका छन् । यसरी भिडियो निर्माण गरिँदा मेकिङ र क्यालिटी भने खस्किरहेको लामिछाने बताउँछन् । यसरी क्वालिटी खस्किनु पछाडिको कारण भने मोडलहरूले लिने महँगो पारिश्रमिकसँग पनि जोडिने उनको तर्क छ । अर्का कोरियोग्राफर एवं निर्देशक काजिश श्रेष्ठ पछिल्लो समय आफूले काम गरिरहेका धेरै म्युजिक भिडियोको लगानी ३ लाख रुपैयाँ हाराहारी हुने गरेको बताउँछन् । कतिपय भिडियो त्यो भन्दा कममा पनि बन्ने गरेका छन् । चलेका कलाकार, धेरै कोरस राखेर बनाएका भिडियोहरूको लगानी भने ५ लाख रुपैयाँभन्दा माथि पनि पुग्ने गरेको श्रेष्ठले बताए । उनका अनुसार फिल्ममा काम नगरेका म्युजिक भिडियोमा चलेका मोडललाई २५ देखि ४० हजार रुपैयाँ हाराहारी पारिश्रमिक छुट्याउँदा हुन्छ । अञ्जली अधिकारी, गीता ढुंगाना, लोमश शर्मा, विना राउत, सरोज प्रजालगायतका मोडलहरू यसभित्र पर्छन् । उनीहरूलाई लिएर भिडियो बनाउँदा ३ लाख रुपैयाँ हाराहारीमा तयार हुने गरेको श्रेष्ठले जानकारी दिए । यसमा भिडियो सम्पादनसम्मको खर्च जोडिने गर्छ । उसो त कतिपय म्युजिक भिडियो १० लाख रुपैयाँभन्दा बढी लगानीमा समेत निर्माण भएका छन् । यद्यपि, त्यस्ता भिडियो एकाध मात्र छन् । अहिले बजारमा धेरै म्युजिक भिडियो ३ देखि ५ लाख हाराहारीमा बनिरहेको निर्देशकहरूको भनाइ छ । पछिल्लो केही समययता म्युजिक भिडियो निर्माण भने ह्वात्तै घटेको छ । कमाउन सकिने डिजिटल प्लेटफर्म धेरै भए पनि नेपालमा म्युजिक भिडियोको आम्दानीको मुख्य स्रोत युट्युबबाट आउने 'रेभिन्यू' हो । यद्यपि, युट्युबबाट लगानी उठाउने म्युजिक भिडियो १० प्रतिशत पनि नहुने संगीतकर्मीहरू बताउँछन् ।

*-लोकान्तर डटकम*

# सुस्ताए बुढा 'बाघ', किन ?



कुनै समयका 'बाघ' अभिनेता, अभिनेत्री, निर्देशक र निर्माता अहिले के गर्दै छन् ? नेपाली सिनेमा उद्योगमा एकलौटी राज गरेका सिनेकर्मी अहिले कता गए ? जस्तै, को-को ? राजेश हमाल, शिव श्रेष्ठ, भुवन केसी, निखिल उप्रेती, रमेश उप्रेती, दिलीप रायमाझी, करिष्मा मानन्धर, धीरेन शाक्य, छवि ओझा, तुलसी घिमिरे आदि । कुनै समय थियो, राजेश हमालको टाउको पोस्टरमा राख्न मात्र भए पनि केमियो रोल नै किन नहोस्, उनलाई सिनेमामा खेलाइन्थ्यो । तर, दशक हुन लाग्यो दर्शकले उनलाई सेतो पर्दामा नदेखेको । भुवन केसी कुनै समय चकलेटी हिरोका रूपमा आफूलाई सुपरस्टारको ट्याग दिन सफल भए । लामो समय आफ्नो जबरजस्त उपस्थिति कायम गरे । तर, आज अभिनयमा उनी कता हराए ? कुनै समय शिव श्रेष्ठ, निखिल उप्रेती र विराज भट्टको एक्सन हेर्न मात्र दर्शक हलसम्म पुग्थे । त्यसैले उनीहरू तीन सिफ्टमा काम गर्थे । तर, उनीहरू अहिले किन छायामा परे ? आफ्नो समयमा रमेश उप्रेती, धीरेन शाक्य, दिलीप रायमाझी पनि मेकर र दर्शकको पहिलो रोजाइमा थिए । तर, उनीहरूको माग अहिले किन घट्यो अथवा छैन ? करिष्मा मानन्धर जसले टिनेजर लाग्दै नेपाली रजतपटमा प्रवेश गरेर लामो समय समग्र यो इन्डस्ट्रीलाई 'एकलौटी' बनाइन् । तर, आज उनको माग छैन अथवा उनी स्वयं टाढिन चाहिन् ? तुलसी घिमिरे जसले अभिनयदेखि निर्देशनसम्म नेपाली सिनेमा उद्योगको स्पातका रूपमा आफूलाई दशकौं टिकाए र दर्जनौं 'हिट' सिनेमा दिए । आज किन हराए ?

कुनै समय वितरकदेखि निर्मातासम्म नेपाली सिनेमामा दर्बिलो नाम बनाएका छविराज ओझाले पनि सिनेमा नबनाएको थुप्रै भइसक्यो । तर, आज उनी पनि सुस्ताए, कारण के हो ? निखिल उप्रेती स्पष्टै भन्छन्, "पहिलो कुरा, मैले सोचेजस्तो सिनेमा नपाएको पनि हो । दोस्रो कुरा, जुन खालको सिनेमामा अफर आउँछ, त्यस्तो सिनेमा मैले गर्न नचाहेको पनि हो ।" निखिल नेपाली चलचित्र उद्योग अझै परिपक्व नभएको बताउँछन् । "मैले दोष दिन खोजेको होइन । तर, हामीले चलचित्र क्षेत्रलाई उद्योग भने पनि वास्तवमा यो उद्योग भइसकेको छैन । चलचित्र उद्योग परिपक्व हुनै बाँकी छ," निखिल भन्छन्, "जसरी चलचित्र उद्योग परिपक्व हुँदै जानुपर्ने हो, त्यो भएको छैन । आदर्शमा हामी बढी रुमलिएका छौं ।" चलचित्र क्षेत्र उद्योग नभइसकेका कारण समकालीन निर्माताले सिनेमा नबनाउँदा पनि आफ्नो समयमा कलाकार अहिले सक्रिय नभएको उनको तर्क छ । नेपालमा बक्सअफिस लागु गरिएको भनिए पनि त्यो पूर्ण रूपमा कार्यान्वयन हुन नसकेको उनको भनाइ छ । "बक्सअफिसको नाममा खराब र फटाहाहरूकै हातमा तालाचाबी जिम्मा लगाउने काम भएको छ । त्यसैले लगानी डुबाउन कसैले पनि लगानी गर्दैन," उनी भन्छन् । अहिले विदेशमा रहेका नेपालीसँगको सम्पर्क र सम्बन्धका कारण पैसा उठाएर चलचित्र बनिरहेको निखिल बताउँछन् । जेनेरेसन ग्याप पनि समकालीन सिनेकर्मी सक्रिय नहुनुको अर्को कारण भएको निखिलको जिकिर छ । "अहिले सिनेमा स्कुल पढेका व्यक्ति अभिनय र निर्देशनमा आइरहेका छन् । अनुभवको मूल्यांकन भइरहेको छैन । सिनेमा पढ्नेबित्तिकै निर्देशन र अभिनयमा आउने चलन छ । कला भन्ने चिज पढेर मात्रै हुँदैन, असिस्ट गरेर र सिकेर आउने हो," निखिल अगाडि थप्छन्, "जसले मार्केटिङ गर्न सक्छ, जसले लगानी जुटाउन सक्छ उही अगाडि निर्देशक र कलाकार भइरहेको छ ।" पुरानो अनुभव र नयाँ पुस्ताको ज्ञान र जोसलाई मिलाएर अगाडि बढ्न सक्नुपर्नेमा त्यसो हुन नसकेको निखिलको बुझाइ छ । "केही निर्देशक मसँग इन्टरनेसनल फेस्टिभलका लागि काम गरौं भनेर आउनुभएको पनि हो । तर, फेस्टिभलका नाममा बनाइने रियालिस्टिक चलचित्र, झन् धेरै आर्टिफिसियल चलचित्र बनाउने काम भइरहेको छ," उनी भन्छन्, "मैले भनें- म त खेलौँला रे, तर प्रोडुसरको लगानी कसरी उठ्छ भन्दा उहाँहरू जवाफ दिन सक्नु हुन्न । त्यसैले म लगानीकर्तालाई डुबाएर चलचित्र गर्दिनँ भनें ।" निर्देशक ज्ञानेन्द्र देउजा अग्रज कलाकार, निर्देशक र निर्माताले निरन्तरता पाउन नसक्नुमा व्यक्ति स्वयं र बजार दुवै कारक भएको बताउँछन् । "समय सधैं गतिशील छ । त्यसैले सधैं एउटै मानिस चल्दैन । समय र प्रविधिअनुसार कलाकार, निर्देशक र निर्माता पनि चल्नुपर्छ," निर्देशक देउजा भन्छन्, "समयानुसार नचल्ने व्यक्ति विस्तारै आफैं आउटडेटेड पनि हुँदै जान्छन् ।" दर्शकले परिवर्तित समयानुसार कलाकार र समय हेर्ने तथ्यलाई पनि स्वीकार गर्न सक्नुपर्नेमा उनको जोड छ । "पब्लिकले पनि नयाँ-नयाँ कुरा खोज्दै जान्छ, सधैं एउटै टेस्ट दर्शकको हुँदैन," उनी भन्छन्, "त्यसैले जसले आफूलाई अपडेट गर्न सक्यो उसले निरन्तरता पाउँछ, अपडेट नगर्ने छोडिन्छ ।" यो उद्योगमा लामो समय काम गरेका कलाकार र निर्देशकले पर्याप्त आर्थिक उपार्जन गर्न नसक्नु अग्रज चलचित्रकर्मीले निरन्तरता दिन नसक्नुको अर्को कारण भएको निर्देशक देउजा बताउँछन् । "बजारमा ठूलो नाम भएर लामो समय काम गरेका चलचित्रकर्मीले पनि राम्रो पैसा नकमाएको पक्कै सत्य हो । नेपाली कलाकारले राम्रो पैसा कमाएको भन्दा पनि सर्भाइभ मात्रै गरेका हुन्," उनी भन्छन्, "त्यसैले कति कलाकार तथा निर्देशक बुढेसकालमा अमेरिका, अस्ट्रेलिया जानुपरेको हो । त्यसैले आर्थिक सुरक्षाका लागि पनि कति चलचित्रकर्मी अरू पेसामा लागे ।"

राजेश हमाललगायत केही सम्भावना भएका कलाकारलाई निर्देशकले उनीहरूको छविअनुसार स्थापित हुने गरी अभिनय गराउन नसकेको पनि निर्देशक देउजा स्वीकार गर्छन् । चलचित्र निर्माता तथा वितरक छविराज ओझा पछिल्लो पुस्ता आफ्नै तरिकाले अगाडि बढ्दा अग्रज कलाकार सक्रिय हुन नसकेको टिप्पणी गर्छन् । "पछिल्लो समय सिनेमाको मेकिङ नै फरक भयो । थिएटरबाट आएका कलाकार अगाडि आए । क्यारेक्टर आर्टिस्ट अगाडि बढे," छविराज भन्छन्, "अहिले हिरोहरू पछि परिरहेको समय छ । हिरोहरू कि क्यारेक्टर आर्टिस्टका रूपमा अगाडि आउनुपर्‍यो, तर उहाँहरूले त्यो नगर्दा हामी हाम्रो समयमा जसलाई हिरो भन्थ्यौं, उहाँहरू पछि परेको समय छ ।" क्यारेक्टर आर्टिस्टका रूपमा अभिनय गर्ने दयाहाङ राई, विपीन कार्कीलगायत कलाकारले नै अहिले हिरोका रूपमा काम गरिरहेको छविराज बताउँछन् । "हिरोहरूले क्यारेक्टर आर्टिस्टका काम गर्दा त्यो पनि चलेको मैले देखेको छैन," उनी भन्छन्, "भारतमा अहिले पनि हिरोहरूकै सिनेमा चलिरहेका छन् । शाहरुख खान, अक्षय, सलमान, अजय देवगन नै हिरो भएका सिनेमा चलिरहेका छन् । नेपालमा पनि अब हिरो भएका सिनेमा चल्छन् भन्ने लाग्छ ।" ज्ञानेन्द्र देउजाले निर्देशन गरेको सिनेमा गत वर्ष राम्रो चलेको भन्दै उज्ज्वल घिमिरे, अशोक शर्माले पनि सिनेमा बनाउने तयारी गरिरहेको उनी सुनाउँछन् । भुवन केसी स्वयं अभिनयमा सक्रिय छैनन् । उनी मेकिङबाट भने ओझेलमा परेका छैनन् । सिनेमा उद्योगको सर्वोच्च संस्था चलचित्र विकास बोर्डको नेतृत्व गरिरहेकाले भुवन भूमिका फरक भएपनि यही क्षेत्रमा सक्रिय छन् ।

"सम्भवत: अब हाम्रा समकालीन साथीहरू पनि नयाँ समय र प्रविधिसँगै नयाँपन लिएर आउनुपर्छ र आउनुहुन्छ भन्ने लाग्छ, त्यो तयारी र प्रयास पनि देखिन थालेको छ," छविराज भन्छन्, "नारायण रायमाझी आउनुभयो, उहाँको सिनेमा पनि चल्यो । हाम्रा समकालीन साथीहरूलाई कसरी इन्ट्री गर्ने र कसरी काम गर्ने भन्ने लामो अनुभव छँदै छ । अलिकति समीक्षा गरे मात्रै पुग्छ ।" अग्रज कलाकार पछिल्लो समय सिनेमामा नदेखिनुको अर्को कारण हिरोइजम भएका चलचित्र नबनाइनु भएको निर्माता छविराजको तर्क छ । उनी भन्छन्, "जसले दशौं वर्ष हिरो भएर काम गरे उनीहरूलाई अहिले क्यारेक्टर आर्टिस्टमा खेलाउन खोज्छन् । तर, उहाँहरू आफूहरूलाई हिरोइजम भएको सिनेमा नै चाहिन्छ भन्नुहुन्छ ।" पछिल्लो समय नेपालमा सिनेमा 'गाउँ फर्किएको' उनको टिप्पणी छ । गाउँ फर्किएका सिनेमा नै चलेको उनको अनुभव छ । यद्यपि, केही दिनअघि एउटै चलचित्रमा प्रदीप खड्का, आर्यन सिग्देल र पल शाह अनुबन्ध भएको खबरले पुन: नेपालमा हिरोइजमको सिनेमा फर्कन सुरु भएको अनुभूत आफूले गरेको छविराज बताउँछन् । "सिनेमा भनेको लार्जर देन लाइफ हुनैपर्छ । हिरोइन भने ग्ल्यामरस हुनैपर्छ भन्ने हो," उनी भन्छन्, "यस्ता सिनेमा बन्न थालेपछि पुन: हाम्रा समकालीन साथीहरू काममा फर्किनुहुन्छ ।" लार्जर देन लाइफ नभएर रियालिस्टिक सिनेमा बनाउन थालेपछि हिरोइजम क्यारेक्टरमा अभिनय गर्ने हिरोहिरोइन छायामा परेका छन् । सोही कारण राजेश हमाल, धीरेन शाक्य चलचित्रभन्दा म्युजिक भिडियोमा देखिन थाले । दिलीप रायमाझी विभिन्न डान्स रियालिटी शोजको जजमा व्यस्त छन् । निखिल उप्रेतीले नयाँ चलचित्रको घोषणा गरेका छन् । विराज भट्टले कमब्याकको प्रयास 'साङ्लो'मार्फत गरे । उनले अर्को चलचित्र पनि घोषणा गरिसकेका छन् । रमेश उप्रेती, शिव श्रेष्ठलगायत अभिनेताले कमब्याकको प्रयास गरिसकेका छन् । तर, उनीहरूले अपेक्षित सफलता प्राप्त गर्न सकेका छैनन् । करिष्मा मानन्धरले पनि सिनेमा बनाउने भनेको थुप्रै भइसक्यो । तर, त्यसले मूर्तरूप लिन सकेको छैन । सरोज खनाल भने अभिनयमा सक्रिय नै छन् । उनले गएको वर्ष निर्देशन गरेको चलचित्र 'बगान'ले बक्सअफिसमा राम्रो कलेक्सन गरेको थियो ।

*-बाह्रखरी डटकम*

# सनातन गुठीको 'हनुमान पूजा'



**पाल्पा,** पुस १०/सनातन धर्म सेवा समिति (गुठी) मेहल्धारा तानसेन पाल्पाले 'हनुमान पूजा' गरेको छ । गुठीले हरेक वर्ष हनुमान जयन्तीको अवसरमा इष्ट देवता भगवान श्रीरामचन्द्रका सेवक वीर हनुमानको पूजा अर्चना गर्ने गर्दछ । सोही अनुसार उसले विधिपूर्वक हनुमान पूजा गरेको हो ।

नारायणस्थान फूलबारी परिसरमा हनुमानको मन्दिर रहेको छ । मन्दिरमा दशकौ वर्ष अघि देखिनै समितिले पूजा गर्दै आएको पाइन्छ । हिन्दु संस्कारमा आस्थावान ३९ घर यस समाजका क्रियाशील सदस्य र ६ घर मानार्थ सदस्यको रूपमा रहेका छन् । हनुमानको प्राचीन मन्दिर निकै जिर्ण भएकाले सनातन धर्म सेवा समितिको पहलमा विभिन्न सहयोगी हातहरूको सहयोगमा मन्दिर पुनर्निर्माण भई आजको अवस्थामा आएको हो । समितिले तानसेन श्रीनगरको पर्यटन विकासका लागि गुठी बन्धुहरूकै पहलमा सहयोगी दाताहरुलाई साथ लिई श्रीनगरमा १०/९/२०६७ मा बजरंगबली स्वरूपको हनुमानको मूर्ति स्थापना गरेको थियो । उक्त मूर्ति पुन: मर्मत सम्भार गरी यस वर्ष हनुमान जयन्तीको अवसरमा रंगरोगन लगाउने काम गरिएको छ । गुठीले पूजासँगै वार्षिक साधारण सभा समेत गरेको छ । २०४३ सालमा गठन भएको समितिले ३८ औं वार्षिक साधारण सभा गरेको हो । स्थापनाकालदेखिनै समितिले मृत्यु संस्कारको समयमा गुठी सदस्यहरूका साथै छिमेकीहरूलमई समेत सहयोग गर्दै आएको छ । हरेक वर्ष हनुमान पूजा, सामुहिक जनैपूर्णिमा पूजा गर्नुका साथै समय सापेक्ष सामुहिक बर्तवन्ध कार्य समेत उसले गर्दै आएको छ । कार्यक्रममा गुठीले एसइई परीक्षामा उत्कृष्ट नतिजा ल्याए बापत गुठी सदस्य श्रीधर कुमार नेपालको सुपुत्री सिध्दता नेपाललाई पुरस्कृत गरेको छ । सभाले श्रीधरकुमार नेपाल, पदमराज पौड्याल र देवराज शर्मालाई यस वर्षको सूचना वाहकको रूपमा नियुक्त समेत गरेको छ । समितिले जेष्ठ नागरिकलाई सम्मान गर्ने निर्णय गरिएको पनि जनाएको छ । साधारणसभाले पुन: बरूणप्रसाद रेग्मीको अध्यक्षतामा दुई वर्षे कार्यकालका लागि समिति निर्विरोध निर्वाचित गरेको छ । कार्यक्रममा सचिव पुष्कारराज रेग्मीले वार्षिक प्रतिवेदन र कोषाध्यक्ष विश्व राज रेग्मीले ६ लाख २३ हजार ४ सय ५७ बराबरको वार्षिक आयव्यय प्रस्तुत गरेका थिए । समितिका अध्यक्ष वरूण प्रसाद रेग्मीको अध्यक्षता, उपाध्यक्षमा सरस्वती शर्माको स्वागत, सल्लाहकार प्रा.डा. रामजीप्रसाद पौड्यालले शुभकामना, सचिव पुष्कारराज रेग्मीको सञ्चालनमा कार्यक्रम भएको थियो ।

# ब्राह्मण समाज पाल्पाको अध्यक्षमा पुन: नेपाल



**पाल्पा,** पुस १०/ब्राह्मण समाज नेपाल पाल्पाको अध्यक्षमा पुन: धर्मचन्द्र नेपाल निर्विरोध निर्वाचित भएका छन् । समाजको १२ औं साधारणसभा तथा चौथौं अधिवेशनले नेपाललाई अध्यक्षमा पुन: निर्विरोध चयन गरेको हो ।

अधिवेशनले समाजको उपाध्यक्षमा दुर्गादेवी नेपाल, सचिवमा पुरुषोत्तम अर्याल, सह सचिवमा जयराम सापकोटा, कोषाध्यक्षमा, कृष्णप्रसाद चालिसेसहित १५ जना सदस्य चयन गरेको छ । यस्तै समाजले यहि पौष २० र २१ मा दाङमा हुन लागेको ब्राह्मण समाज नेपालको केन्द्रीय अधिवेशनका लागि प्रतिनिधि समेत चयन गरेको छ । जसमा होमनाथ न्यौपाने, धर्मचन्द्र नेपाल, कृष्ण चालिसे, यादव पोखरेल, हरिशंकर बस्याल, नेत्र न्यौपाने र नारायण बस्याल रहेका छन् । अधिवेशनको समाजका केन्द्रीय सदस्य होमनाथ न्यौपानेले उद्घाटन गरेका हुन् । सभाको उद्घाटन गर्दै प्रमुख अतिथि न्यौपानेले धर्म, संस्कृतिको संरक्षणका लागि समाज एक जुट हुन आवश्यक रहेको औंल्याए । कार्यक्रममा सविता भट्टराई, बुद्धिप्रसाद शर्मा, उमनाथ आत्रेय, महेन्द्र पन्थी लगायतले नेपालमा प्राचिनकालदेखि चलिआएका विद्यमान कला, संस्कृति, धर्म रक्षा, समाज कल्याण र पितृ उद्धारका रितिरिवाज कायम राख्नु अहिलेको आवश्यकता रहेको बताएका थिए । कार्यक्रममा राष्ट्रिय लोक भजन प्रतिष्ठानका केन्द्रीय सदस्य जयप्रकाश उप्रेतीको नेतृत्वको टोलिले लोक संस्कृतिमा आधारित रोचक भजन कृतन प्रस्तुत गरेका थिए । समाजका अध्यक्ष धर्मचन्द्र नेपालको अध्यक्षता, हरिशंकर बस्यालको स्वागत, सचिव पुरुषोत्तम अर्यालको सञ्चालनमा कार्यक्रम भएको थियो ।

## खेलकुद समाचार

# सूर्य नेपाल एनपीजीए म्याच प्ले आजदेखि



**काठमाडौं,** पुस १०/ सूर्य नेपाल गल्फ टुर २०२३-२४ अन्तर्गत सिजनको दोस्रो प्रतियोगिता सूर्य नेपाल एनपीजीए म्याच प्ले आज (बुधबार) देखि रोयल नेपाल गल्फ क्लबमा सुरू हुँदैछ । यो प्रतियोगितामा गत सिजनरु अर्डर अफ मेरिटमा पर्न सफल उत्कृष्ट १६ जना खेलाडीले खेल्न पाउने छन् । तर, यसपटक नेपालका नम्बर एक खेलाडी शुक्रबहादुर राईसँगै उत्कृष्ट १६ मा पर्ने चारजना खेलाडीले सहभागिता जनाउने छैनन् । सोही कारणले अर्डर अफ मेरिटको उत्कृष्ट २० सम्म पर्न सफल खेलाडीले यो प्रतियोगितामा दाबेदारी प्रस्तुत गर्नेछन् । शुक्रसँगै १४औं वरीयताका टंकबहादुर राई, १५औं वरीयताका बलभद्र राई र १६औं वरीयताका कमल तामाङले व्यक्तिगत कारणले प्रतियोगिता नखेल्ने भएका हुन् । चार खेलाडीले नाम फिर्ता लिंदा अर्डर अफ मेरिटमा दोस्रो स्थानमा रहेका भुवन नगरकोटी यो प्रतियोगिताका टप सिडेड खेलाडीको रूपमा रहने छन् । १७औं वरीयताका दीपक मगर, १८औं वरीयताका तोरणविक्रम शाही, १९औं वरीयताका प्रदीपकुमार लामा र २०औं वरीयताका रामकृष्ण श्रेष्ठले म्याच प्लेमा स्थान बनाएका छन् । म्याच प्लेको ड्रअनुसार, भुवन नगरकोटीले पहिलो चरणमा रामकृष्ण श्रेष्ठसँग खेल्ने छन । तेस्रो वरीयताका नीरज तामाङको सामना १९औं वरीयताका प्रदीपकुमार लामाले गर्नेछन् । डिफेन्डिङ च्याम्पियन तथा चौथो वरीयताका दिनेश प्रजापतिले तोरणविक्रम शाहीसँग खेल्ने छन् । यसैगरी दीपक मगरले पाँचौं वरीयताका जयराम श्रेष्ठलाई प्रतिद्वन्दीको रूपमा पाएका छन् । पहिलो चरणकै अर्को खेलमा छैटौं वरीयताका सञ्जय लामा र १३औं वरीयताका शिवराम पौडेलबिच प्रतिस्पर्धा हुनेछ । सातौं वरीयताका रवि खड्काको सामना १३औं वरीयताका रमेश अधिकारीले गर्नेछन् । अर्को खेलमा आठौं वरीयताका रामे मगर र ११औं वरीयताका सूर्यप्रसाद शर्माबिच क्वार्टरफाइनल प्रवेशका लागि प्रतिस्पर्धा हुनेछ । यसैगरी नवौं वरीयताका धनबहादुर थापा र १०औं वरीयताका भुवनकुमार रोक्काले पहिलो चरणको खेलमा एकअर्काको सामना गर्नेछन् । पहिलो चरणका विजेता आठ खेलाडी क्वार्टरफाइनलमा प्रवेश गर्नेछन् । क्वार्टरफाइनल खेलहरू बिहीबार हुनेछन् । सेमिफाइनल खेल शुक्रबार हुनेछ ।


वर्गिकृत डिस्प्ले

१ X ५ साइजमा मात्र

वर्गिकृत डिस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।

सम्पर्कः ०७५-५२०६०१


## कर्पोरेट/अर्थ समाचार

# यामाहाको नयाँ मोडेल बजारमा

YAMAHA

**पाल्पा,** पुस १०/नेपालका लागि यामाहा मोटरसाइकल र स्कुटरको आधिकारिक वितरक एमएडब्लू इन्टरप्राइजेजले यामाहाको नयाँ मोडेलको स्कुटर रे जेडआर १२५ एफआई स्ट्रिट ˌयाली हाइब्रिड नेपाली बजारमा ल्याएको छ । कम्पनीले 'मेट कपर' र 'स्पार्कल ग्रिन' रङहरूमा 'मोटरसाइकल-स्कुटर' इभोलुसनको अवधारणासँग मेल खाने नयाँ मोडेल बजारमा ल्याएको हो ।

यसको बडीमा थपिएको स्टाइलिस मेटल प्लेट, ब्रस गार्ड र फराकिलो ब्लक प्याटर्न टायरले यसलाई अझै भव्य बनाउने कम्पनीले जानकारी दिएको छ । रे जेड आर १२५ स्ट्रिट ˌयाली एफआई हाइब्रिड बलियो एयर कुल्ड, फ्युल इन्जेक्टेड (एफआई) १२५ सीसी ब्लू कोर इन्जिनद्वारा सञ्चालित छ ।

जसले दक्षता र रोमाञ्चक सवारीको लागि नयाँ मानक स्थापना गर्दछ । यसको ग्राउन्ड ब्रेकिङ, स्वचालित स्टप र स्टार्ट प्रणालीले अरूभन्दा फरक बनाउनुका साथै इन्जिन निष्क्रिय हुनबाट जोगाउने कम्पनीले जनाएको छ । यसले इन्धनको उत्सर्जन घटाउने तथा दक्षतालाई बढाउने कम्पनीको भनाइ छ । यसमा उत्कृष्ट एलइडी हेडलाइट, प्रभावशाली एलइडी पोजिसन लाइटहरू र डिजिटल इन्स्टुमेन्ट क्लस्टर समावेश रहेको जनाइएको छ । यसको हल्का वजनले असाधारण पिकअप, उत्कृष्ट ह्यान्डलिङ र सुधारिएको माइलेज सुनिश्चित गर्ने कम्पनीको दाबी छ ।

एक्ल थ्रोटल ट्विस्टको साथ निर्बाध रूपमा रि-स्टार्ट गर्दै यो प्रणालीले सवारी वातावरणको मूल्यांकन गर्न उन्नत सेन्सरहरू प्रयोग गरी राइडरहरूलाई प्रदूषणरहित र प्रभावकारी यात्रा प्रदान गर्दछ । नयाँपनमा 'स्मार्ट मोटर जेनेरेटर' (एसएमजी) पनि थपिएको र यसले बेग्लै पारम्परिक इलेक्ट्रिक स्टार्टर बिनानै शान्त तरिकाले इन्जिन सुरु गर्न सक्ने कम्पनीले जनाएको छ ।


मनको आवाज............

'नाम पनि यूनिक, काम पनि यूनिक'

यूनिक एफ.एम. ९४.२ मेगाहर्ज

विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्यूनिकेशन प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१४६४, ५२१४६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com



हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।



जनचेतना दैनिकको आधिकारीक वेबसाईट
शितलपाटी.कम
www.shittalpati.com
डिजिटल पत्रिका




कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालयःभगवतीटोल-३,तानसेन,पाल्पा,फोनः०७५-५२०६०१,E-mail:njdnews@gmail.com,jagdish_sfm@yahoo.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्ध संचालक : इन्द्रा भट्टराई, सम्पादकःजगदीशप्रसाद भट्टराई